## २०७५ साल बैशाख १२ गते ऐसेलुखर्क गाउँपालिकाको निर्णयहरु :-

निर्णय नं.१:- हटियाको युरिन चर्पी निर्माणको रकम भुक्तानी सम्बन्धमा | यस गाउँपालिका अन्तर्गत शनिबारे हटियामा बनेको युरिन चर्पीमा घरेलु तथा साना उधोग विकास समिति खोटाङ बाट डकर्मी तालिम सात (७) दिनको संचालन बापद रु २०५००० (दुइ लाख पाँच हजार ) खर्च भएकोमा उक्त रकम गाउँपालिकाको बिबिध खर्च शिर्षक बाट एक मुस्ट भुक्तानी दिने निर्णय गरियो |

निर्णय नं.२:- प्रहरी चेक पोस्टको रकम भुक्तानी सम्बन्धमा | यस गाउँपालिका अन्तर्गत पिङडाडामा निर्माण भएको प्रहरी चेक पोस्ट निर्माण कार्यमा खर्च भएको रकम रु ७०००० (सत्तरी हजार ) मात्र गा.पा. को बिबिध खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो |

निर्णय नं.३ :- इलाका प्रशासन कार्यालय आगाडी र अन्य स्थानमा सडक सोलिङ बापदको रकम भुक्तानी सम्बन्धमा | ऐसेलुखर्क बजार क्षेत्रको इलाका प्रशासन कार्यालय अगाडी ऐसेलुखर्क जुबु सडक अन्तर्गत ऐसेलुखर्क क्षेत्रको विभिन्न स्थानमा सडक यातायात संचालनको लागि २०७४ को दशै आसपासमा सडक सोलिङ बापदको रकम हाल सम्म भुक्तानी हुन नसकेकोले प्राबिधिक मुल्यांकन गराई बडीमा रु ७०००० (सत्तरी हजार मात्र ) बिबिध खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो |

निर्णय नं.४:- सरकारी कर्मचारीले कुनै संघ संस्था आदिको जिम्मेवारीमा रहन नपाउने सम्बन्धमा | नेपाल सरकारका कुनै पनि सेवा सुबिधा लिइ रहेका सरकारी कर्मचारी शिक्षक, लगायत सबै नेपाल सरकारका मातहतमा रहेका निकायमा कार्यरत कर्मचारीले कुनै पनि गैरसरकारी संघ / संस्था, सामुदाइक बन, आदि संस्थामा दोहोरो कामकाज गर्न नपाउने कानुनि ब्यबस्था रहदा रहदै पनि ब्याबहारमा नआएको हुनाले तत्काल दोहोरो जिम्मेवारी रहेको संघ संस्थामा कार्यरत पदबाट राजिनामा दिई सो को जानकारी यस कार्यालयलाई पठाउन वडा कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो |

निर्णय नं.५:- इन्टरनेट जडान सम्बन्धमा | यस गाउँपालिकाका सबै माध्यमिक बिधालयहरुमा इन्टरनेट जडान गर्नको लागि बिज्ञान प्रबिधि शिर्षकमा रहेको रकम खर्च गर्न गाउँपालिकाका अध्यक्ष ज्यू को रोहबरमा एक उपभोक्ता समिति यथाशिघ्र गठन गरि प्रकृया अगाडी बढाउने निर्णय गरियो |

निर्णय नं.६:- नागरीक वडापत्र सम्बन्धमा | यस गाउँपालिकाका ७ (सात ) वटै वडा कार्यालयहरुमा हाल सम्म नागरिक वडा वडापत्र नरहेकोले २०७५ साल बैशाख मसान्त सम्म नागरिक वडापत्र तयार गरि कार्यन्वयनमा ल्याउन निर्देशन गर्ने र वडापत्रको गाउँपालिकाले सबै वडा कार्यालयलाई सफ्टकपी उपलब्ध गराउने निर्णय गरियो |